नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं. :- ०७४/७५
च. नं. :- १८४

सिंहदरबार, काठमाण्डौ।

मिति:२०७४/०९/१२

**विषय: सूचना प्रविधि अधिकृत (IT Officer) को करार नियुक्ती सम्बन्धमा।**

श्री गाउँपालिकाको कार्यालय सबै,
श्री महा/उपमहा/ नगरपालिकाको कार्यालय सबै,

प्रस्तुत विषयमा च.नं.१२७ मिति २०७४/०७/१७ को पत्र प्राप्त भएकै होला। सो सम्बन्धमा कतिपय गाउँपालिका तथा नगरपालिकाहरुबाट सूचना प्रविधि अधिकृतहरुको करार सेवा लिदा आवश्यक पर्ने शैक्षिक योग्यता र विधि एवं प्रकृयामा अस्पष्ट भएकोले स्पष्ट पारी दिनुहुन भनी मौखिक तथा लिखित रुपमा सोधनी भएकोले यो पत्र लेख्ने कार्य भएको छ। जस अनुसार देहाय बमोजिम गर्नु गराउन हुन अनुरोध गरिन्छ।

**बुंदा नं १:** सूचना प्रविधि अधिकृतहरुको शैक्षिक योग्यता सम्बन्धमा भएको दुविधा हटाउन यस मन्त्रालयबाट च.नं. १७७ मिति २०७४/०९/०५ गते लोकसेवा आयोगमा पत्राचार गरेकोमा आयोगको च.नं. ५२ को मिति २०७४/०९/०५ गते प्राप्त पत्र यसै साथ संलग्न छ। सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

**बुंदा नं २:** यस कार्यक्रमको च.नं. १२७ मिति २०७४/०७/१७ मा पठाइएको पत्रको बुंदा नं ३(६) अनुसार करार सेवाका निम्ति सूचना प्रकाशित भैसकेपछि प्राप्त आवेदनहरुको जांच गरी तोकिएको सुचकहरुको आधारमा न्युनतम ५०% अंक प्राप्त गर्ने सम्भावित उम्मेदवारलाई Short-list मा समावेश गरी छनौटको प्रक्रिया अगाडी बढाउनुहुन अनुरोध छ।

**बुंदा नं ३:** Short-list मा समावेश भएका उम्मेदवारहरुको छनौट प्रकृया र विधि (लिखित, मौखिक र प्रयोगात्मक आदि) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले चयन गरेको समितीले आफै निर्धारण गर्न सक्नेछ।

**बुंदा नं ४:** सूचना प्रविधि अधिकृतहरुको करार सेवा लिने सम्बन्धमा कुनै दुबिधा उत्पन्न भएमा तथा अन्य आवश्यक सहयोग लिनु परेमा सम्बन्धित प्रादेशिक सहयोग इकाई वा यस कार्यक्रमका विधुतीय शासन बिज्ञ (फोन. नं. ०१-४२५७३८९ Ext: ११७) लाई सम्पर्क गर्नुहुन अनुरोध छ।

(भेष राज खनाल)
प्रशासकीय अधिकृत

# लोक सेवा आयोग

परीक्षण प्रविधि शाखा

फोन नं -४७७१५१९
फ्याक्स ४७७१४९०
पोष्ट बक्स नं. ८९७९

पत्र संख्या :- ०६४/०५
चलानी नम्बर :- ५२

अनामनगर, काठमाडौ

मिति :-२०७४।०९।०५

**श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**सिंहदरवार काठमाण्डौं ।**

**बिषय : शैक्षिक योग्यताको स्पष्टता सम्वन्धमा ।**

तहाँको पत्र ०७४।७५, च.नं. १७७, मिति २०७४।०९।०५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । आयोगले निजामति सेवा तर्फको विविधि सेवा अर्न्तगतको कम्प्यूटर अधिकृत पदको दरखास्त स्वीकृतीको लागि शिक्षा शास्त्र संकायमा मूल विषय सूचना तथा सञ्चार प्रविधिलिई स्नातक (B.Ed ICT) शैक्षिक योग्यतालाई न्यूनतम् योग्यताको रुपमा लिने निर्णय गरेको जानकारीको लागि अुनरोध छ । त्यस्तै BE electronics and communication शैक्षिक योग्यता कम्प्यूटर इञ्जिनियर पदको योग्यताको रुपमा उल्लेख रहेको तर कम्प्यूटर अधिकृत पदको लागि तोकिएको योग्यतामा उल्लेख नभएको व्यहोरा अनुरोध छ ।

**नेपाल विविध सेवाका विभिन्न श्रेणी अर्न्तगतका पदहरुको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताहरु**
***(नेपाल विविधसेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु २०५१ अनुसार)***

| पदनाम | तोकिएको न्यूनतम् योग्यता |
|---|---|
| कम्प्यूटर इञ्जिनियर | कम्प्यूटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा **इलेक्ट्रोनिक र कम्यूनिकेसन इञ्जिनियरिङ्गमा** स्नातक । |
| कम्प्यूटर अधिकृत | कम्प्यूटर साइन्समा स्नातक वा कम्प्यूटर इञ्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञान (Physical) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशि डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ९ (नौ) महिनाको डिप्लोमा प्राप्त । |

.............................
(सर्मुन लाल शाक्य )
वरिष्ठ मनोविज्ञानवेत्ता

c:\official files\1.fiscalyear2073-74\letter_2073-74-sarmun\letter 2073-74new.docx